प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

**सानोठिमी, भक्तपुरको**

## डिप्लोमा तथा प्रमाण पत्र तहमा शिक्षण संस्था स्थानान्तरण, अध्ययन निरन्तरता र केडिट ट्रान्सफरका लागि निवेदन पेस गर्ने बारेको अत्यन्त जरुरी सूचना

(मिति २०७६ भाद्र २२ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुले स्थानान्तरण, केडिट ट्रान्सफर, अध्ययन निरन्तरता र कार्यक्रम परिवर्तन गर्न चाहेमा उपयुक्त कारण खुलाई मिति २०७६।०६।१२ गते कार्यालय समय भित्र परिषद्, परीक्षा नियन्त्रण कार्यालयमा निम्न शर्तहरु पूरा गरी निवेदन दर्ता गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. परिषद् अन्तर्गतका शिक्षण संस्थामा कुनै शैक्षिक कार्यक्रममा अध्ययनका लागि परिषद्, परीक्षा नियन्त्रण कार्यालयमा रजिष्ट्रेशन भएको हुनु पर्नेछ।
२. परिषद्का आंगिक, साझेदारी, सामूदायिक शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरु सम्वन्धित शिक्षण संस्थामा मात्र स्थानान्तरण हुन सक्ने छन्।
३. निजी शिक्षण संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरु अर्को निजी शिक्षण संस्थाहरुमा मात्र स्थानान्तरण हुन सक्ने छन्।
४. स्थानान्तरणका लागि उपयुक्त कारण खुलेको कागजात पेश गर्नु पर्नेछ।
५. विद्यार्थीले अध्ययनरत तथा स्थानान्तरण हुन चाहेको दुवै शिक्षण संस्थाको सहमति पत्र पेश गर्नु पर्नेछ।
६. स्थानान्तरण हुन चाहेको शिक्षण संस्थामा कोटा रिक्त रहेको सक्कल पत्र तथा अघिल्लो बर्ष/सेमेष्टरको अन्तिम परीक्षाको प्रमाणित परीक्षा आवेदन समष्टिगत पेश गर्नु पर्नेछ।
७. विद्यार्थी भर्ना हुँदा जुन कोटा (छात्रवृत्ति, पूर्ण शुल्क, लक्षित बर्ग र प्रा. एस. एल. सी.) मा भर्ना भएको हो सोहि कोटामा मात्र निजको स्थानान्तरण हुनेछ।
८. आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तिर्ण विद्यार्थीलाई शिक्षण संस्था स्थानान्तरण/अध्ययन निरन्तरताको सहमति दिईने छैन।
९. अध्ययन निरन्तरताको लागि सम्बन्धित विद्यार्थी सन् २०१४ भन्दा पछाडि रजिष्ट्रेशन भएको र पाठ्यक्रम परिमार्जन नभएको हुनु पर्नेछ।
१०. केडिट ट्रान्सफर गरी अध्ययन गर्ने परीक्षार्थीहरुले अध्ययन गर्ने संस्थाको सहमति पत्र र उत्तिर्ण कार्यक्रमको प्रमाणपत्रहरुको प्रतिलिपि एवं परीक्षार्थीको सक्कल निबेदन पेश गर्नु पर्नेछ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिन्छ।**

**परीक्षा नियन्त्रक**